त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY

Phone No.: 071-570205
Phone/Fax : 071-572931
E-mail: bhairahawabahumukhicampus@gmail.com

# भैरहवा बहुमुखी क्याम्पस
# BHAIRAHAWA MULTIPLE CAMPUS

*Accredited by University Grants Commission (UGC), Nepal, (2023)*

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत, (२०८०)

सिद्धार्थनगर, रूपन्देही, नेपाल
Siddharthanagar, Rupandehi, Nepal
website: www.bmc.tu.edu.np

मिति : २०८३/०४/०६

## भ्रामक समाचारको खण्डन सम्बन्धमा

आज मिति २०८३/०४/०६ गते रुद्रराज पाण्डेको फेसबुक पेजमा प्रकाशित भैरहवा बहुमुखी क्याम्पसमा सेमेस्टरको फाइनल परीक्षामा विद्यार्थीहरूले अनियमितता तथा अमर्यादित कार्य गरेको सम्बन्धमा प्राप्त समचार तथ्यहीन, कपोलकल्पित, आधारहीन र भ्रामक रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

भैरहवा बहुमुखी क्याम्पसमा परीक्षा नियन्त्रण कार्यालयद्वारा सञ्चालित वार्षिक परीक्षा तथा त्रि.वि. डिनको कार्यालय (विज्ञान, मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र) द्वारा सञ्चालित स्नातक तथा स्नातकोत्तर तहको कुनै पनि परीक्षामा मोवाइल, स्मार्ट वाच लगायतका कुनै पनि यान्त्रिक उपकरणहरू परीक्षाहलमा लैजान निषेध गरिएको छ । परीक्षा समयावधिमा परीक्षार्थीलाई परीक्षा भवन भित्रै शौचालयको व्यवस्था गरिएको र वाह्य व्यक्तिहरूलाई परीक्षाको समयमा उक्त भवनभित्र प्रवेश निषेध गरिएको छ । साथै प्रत्येक परीक्षा हलभित्र सिसिटिभीको व्यवस्था गरिएको छ । परीक्षा सञ्चालनको समयमा विभिन्न डिन कार्यालय तथा परीक्षा नियन्त्रण कार्यालयबाट पर्यवेक्षक तथा उडाका दल (Flying checking) का सदस्यहरूले समेत परीक्षाको अनुगमन गरि राखेको अवस्थामा उक्त परीक्षासँग सम्बन्धित समाचार आधारहीन भएको कुरा क्याम्पस प्रशासनको ठहर छ । यस किसिमको समाचार सम्बन्धमा त्रि.वि. केन्द्रीय कार्यालयमा पनि जानकारी गराइ सकिएको र सो को कानुनी उपचारको लागि पनि छलफल भैरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

.........................
लक्कीप्रसाद जोशी
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख